## २०७५ साल असोज ३ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/११/२०७५-०६-२ को प्रदेश पर्यटन विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/१२/२०७५-०६-२ को प्रदेश वन विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव -" प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/१३/२०७५-०६-२ को नवलपरासी (वर्दघाट सुस्तापूर्व)मा घरेलु तथा साना उद्योग कार्यालय स्थापना गर्न नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव -" प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/१४/२०७५-०६-२ को पर्यटन प्रवर्द्धन केन्द्र, स्थापनाका लागि नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव -" प्रदेश पर्यटन केन्द्र स्थापनाका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरिदिन नेपाल सरकारमा अनुरोध गर्ने। -"

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/१५/२०७५-०६-२ को मिति १४ अक्टोवर, २०१८ देखि १९ अक्टोवर, २०१८ सम्म जापानमा हुने ताल सम्बन्धी सम्मेलनमा सहभागी हुन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूलाई प्राप्त आमन्त्रण स्वीकृत गरी भ्रमण स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव -"प्रस्तावको निर्णय हुनुपर्ने व्यहोरा खण्डमा प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्नेगरी भन्ने व्यहोरा थप गरी अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

६. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश दुग्ध विकास वोर्ड मार्फत संचालन हुने परियोजना Demonstration Areas of Mondern Dairy Farming –DAMDF लाई Chinese Academy of Agricultural Mechanization Sciences(CAAMS) कम्पनीबाट हुने सहयोग प्राप्त गर्नका लागि स्वीकृति प्रदान गर्न नेपाल सरकारलाई अनुरोध गर्ने विषयको प्रस्ताव -"प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

७. प्रदेश सभा सचिवालयको सार्वजनिक निर्माण कार्यका लागि बजेट माग भएको रु ४५,६८,०००।– आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध शिर्षकबाट प्रदेश सभा सचिवालयको नाममा निकासा दिन स्वीकृति दिने निर्णय गरियो ।

८. गण्डकी प्रदेश, प्रदेश सभाको चालु अधिवेशन मिति २०७५ साल असोज ८ गते राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गरी पठाउने ।